# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः ९ मितिः २०७६।१२।०९

भाग–२

**शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## जस्तापाता वितरण कार्यविधी, २०७६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले जस्तापाता वितरण कार्यविधी, २०७६ जारी गरेको छ ।

# जस्तापाता वितरण कार्यविधि,२०७६

शिवराज नगरपालिका

चन्द्रौटा, कपिलवस्तु

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार भित्रको विकास निमाण कार्य सञ्चालन गर्न तथा शिवराज नगरपालिका भित्र हुने विपद् न्यूनिकरण गर्न शिवराज नगरपालिकाको वार्षिक विकास तथा कार्यक्रम स्वीकृत गर्दै विपन्न आय भएका व्यक्ति लक्षित जस्तापाता वितरण कार्यक्रम कार्यान्वयन गर्न जस्तापाता वितरणका लागि आधार तथा मापदण्ड तय गर्न बाञ्छनीय भएकोले शिवराज नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७६।१२।०९ को बैठकबाट यो जस्तापाता वितरण कार्यविधी, २०७६ स्वीकृत गरी शिवराज नगरपालिकाभित्र लागु गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम जस्तापाता वितरण कार्यविधि, २०७६ रहेको छ।

२. यो कार्यविधि तुरुन्त लागु हुने छ ।

३. उद्देश्य : विपन्न आय भएका व्यक्तिहरुको खर, पराल स्याउला वा चित्राले छाएका घरहरुलाई जस्ताका छानामा रुपान्तरण गर्नु तथा आगलागी तथा वाढीका कारण हुने विपद् न्यूनिकरण गर्नु रहेको छ।

४. लाभग्राही जनसङख्या : जस्तापाता वितरणका लागि लाभग्राही घरपरिवार निम्न अनुसारका रहने छन्।

क) शिवराज नगरपालिकाको क्षेत्र भित्र रहेका आर्थिक रुपमा विपन्न खर स्याउला चित्रा तथा परालका छानो भएका परिवार।

ख) दैवी प्रकोपमा परेका घरपरिवार ।

५. प्रक्रिया : जस्तापाता वितरणका लागि देहाय अनुसारको प्रक्रिया अवलम्वन गरिने छ।

क) खर, स्याउला, चित्रा वा परालले छाएका घरहरु जस्ताका छानामा रुपान्तरण गर्न चाहने व्यक्तिहरुले सम्बन्धित वडा कार्यालय मार्फत् अनुसूची (१) बमोजिमको ढाँचामा दरखास्त माग गर्नु पर्ने छ।

ख) दरखास्त माग गर्नका लागि नगरपालिकाको सूचना पाटी, वडा कार्यालय तथा नगरपालिकाको वेवसाइट मार्फत् १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

ग) म्याद भित्र पेश भई आएका निवेदनहरुको स्थलगत जांचवुझ गर्न नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

घ) तोकिएको सीमाभित्र आएका सम्पूर्ण दरखास्तहरुलाई विश्लेषण तथा अद्यावधिक गरी वडा समिति मार्फत् आएका प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले निर्णयार्थ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

ङ) कार्यपालिकाले निर्णय गर्दा प्राप्त प्रस्तावहरुलाई स्विकृत बजेटसँग तादम्यता हुने गरी दलित, विपन्न, गरिवीको रेखामुनी परेका परिवार, असहाय, सुकुम्बासी, दैविप्रकोपमा परेका घरधुरी, टुहुरा टुहुरी, एकल महिलाहरुलाई पहिला प्राथमिकता दिई संख्या निर्धारण गर्नु पर्नेछ।

च) जस्तापाता माग गर्ने लाभग्राहीले जस्तापाता लगाउनु भन्दा अगाडी आवश्यक सम्पूर्ण पूर्वाधार तयार गरी सकेको हुनु पर्नेछ।

छ) छनौटा गरिएका लाभग्राहीलाई कार्यपालिकाले तोकेको परिमाणको जस्तापाता मात्र उपलब्ध गराइनेछ। ढुवानी लगायत अन्य सम्पूर्ण खर्च सम्बन्धित लाभग्राही स्वयंले बेहोर्नु पर्नेछ।

६. जस्ता पाता सुविधा प्राप्तिका लागि आवश्यक पर्ने योग्यता : जस्तापाता सुविधा प्राप्त गर्न देहायको योग्यता आवश्यक पर्ने छ।

क) नेपाली नागरिकताको प्रतिलिपी।

ख) घर भएको जग्गाको घरकर वा वहाल विटौरी कर बुझाएको रसिदको प्रतिलिपी।

ग) दफा ४ को उपदफा (घ) वमोजिम संख्या निर्धारण भएका घरधुरीको वढीमा ९ हात चौडाइ १७ हात लम्वाई भएका घर मुलीले खर स्याउला चित्रा तथा परालको छानो हटाइ जस्तापाताले छाउन तयार भएको वडा कार्यालयको सिफारिस समेत संलग्न हुनु पर्ने छ।

घ) सम्बन्धित परिवारका कुनै पनि सदस्य बैदशिक रोजगारीका लागि नगएको, सरकारी सेवामा आवद्ध नभएको, आर्थिक रुपले विपन्न र कमजोर आय भएको परिवार भनी सम्वन्धित वडाको वडाध्यक्षले सिफारिस गरको वडा कार्यालयको पत्र।

ङ) सम्वन्धित वडाका वडाध्यक्षबाट प्रमाणित भएको सम्बन्धित परिवारका खर,पराल चित्रा वा स्याउलको छानो भएको घरको फोटो।

च) विपद्मा परेकाको हकमा प्रहरी मुचुल्का हुनु पर्नेछ र विपद् पर्दाको अवस्थामा उक्त घरमा मानिस वसी भोग चलन गरेकोलाई मात्र जस्तापाता दिईने छ।

छ) सडक क्षेत्र अतिक्रमण गरी वनेका घर, टहरा, सार्वजनिक, सरकारी वा पर्ति जग्गामा वनेका घर टहराहरुको हकमा जस्ता पाता उपलब्ध गराईने छैन।

७) दफा ४ को उपदफा घ वमोजिम छनौटमा परेका व्यक्तिहरुले अनुसूचि २ वमोजिमको फारम भरी जस्तापाता वुझिलिनु पर्नेछ।

८) दफा ४ को उपदफा घ वमोजिम छनौट भएका घरधुरीले जस्तापाता वुझेको मितिले ३० दिनभित्र छानो छाइ सक्नु पर्नेछ र छानो छाएको मितिले १० दिनभित्र वडा कार्यालयको कार्य सम्पन्नको सिफारिस पत्र र घरको फोटो नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

९) दफा ७ वमोजिम कार्यालयवाट वुझिलिएको जस्तापात नछाएमा उद्धेश्य विपरित दुरुपयोग गरेमा सम्वन्धित व्यक्तिबाट सो बरावरको रकम वा जस्तापाता अशुल गर्न लगाइ नगरपालिकाले प्रदान गर्ने सेवा सुविधामा रोक लगाईनेछ।

१०) यस कार्यविधीमा नगर कार्यपालिकाको बैठकबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

अनुसुची - १

(कार्यविधिको दफा ४ को देहाय क संग सम्बन्धित)

श्री शिवराज नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

शिवराज नगरपालिका

चन्द्रौटा, कपिलवस्तु

विषय : जस्ता पाताका लागि प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा म शिवराज नगरपालिका वडा नं ……………… ( साविक……………………..गा.वि.स.वडा नं.…….टोल) निवासी …………….को छोरा ………………………………………ले नगरपालिकाले मिति …………………….गते प्रकाशन गरिएको सूचना अनुसार तपसिल बमोजिमको कागजात संलग्न राखी ……….. जस्तापाता माग गरेको छु ।

संलग्न गर्नु पर्ने कागजात :

क) नेपाली नागरिकताको प्रतिलिपी

ख) घर भएको जग्गा र सो ले चर्चेको जग्गा धनी प्रमाण पूर्जा ।

ग) सभाले निर्धारण गरे बमोजिमको भुमी कर तथा घर कर तिरेको रसिद

घ) संख्या निर्धारण भएका घरधुरीको वढीमा ९ हात चौडाइ १७ हात लम्वाई भएका घर मुलीले खर स्याउला चित्रा तथा परालको छानो हटाई जस्तापाताले छाउन तयार भएको वडा कार्यालयको सिफारिस

ङ) सम्बन्धित परिवारको कुनै पनि सदस्य बैदेशिक रोजगारीका लागि नगएको, सरकारी सेवामा आवद्ध नभएको आम्दानीको ठूलो श्रोत नभएको, आर्थिक रुपल विपन्न र कमजोर आय भएको परिवार भनी सम्वन्धित वडाको वडाध्यक्षले सिफारिस गरेको वडा कार्यालयको सिफारिस पत्र ।

च) सम्वन्धित वडाको वडाध्यक्षबाट प्रमाणित भएको सम्बन्धित परिवारको खर,पराल चित्रा वा स्याउलाको छानो भएको फोटो

छ) दैवी प्रकोपमा परेकाको हकमा प्रहरी मुचुल्का ।

:निवेदक:

नाम, थर :

स्थायी ठेगाना

अनुसूचि - २

(कार्यविधिको दफा ७ संग सम्वन्धित)

आज मिति ............................रोज .............का दिन .................नाती .............................को छोरा वर्ष ......... का .............................ले यस नगरपालिकावाट प्राप्त गरेको .................वण्डल जस्तापाता वुझिलिई सो को भरपाई गरिदिएं । मैले वुझिलिएको जस्तापाता आजको मितिले ३० दिन भित्रमा छाई सक्नेछु । उक्त अवधि भित्र नछाएमा वा उद्धेश्य विपरित हिनामिना गरेमा प्रचलित कानुन वमोजिम सहन भोग्न तयार छु भनी सही छाप गरिदिएं ।

| बायां | दायां |
|---|---|
| | |

नाम थरः

दस्तखतः

ठेगानाः

ना.प्र.प.न.

| फोटो |
|---|

आज्ञाले,

शेषकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत